श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४५।३।२९ को निर्णयानुसार शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष विस्तार आयोजनाको म्याद २०४६ साल आषाढ मसान्तसम्म थप गरेको छ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय जुम्लाका प्र.जि.अ. श्री केशवराज शर्मा प्रमुख जिल्ला अधिकारीको तालीममा खटिनुभएको हुँदा उहाँ उक्त तालीमबाट फर्की कार्यालयमा हाजिर नहुञ्जेलसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री डिकबहादुर गुरुङलाई मिति २०४५।४।१५ देखि का.मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय काभ्रेपलाञ्चोकका प्र.जि.अ.श्री वागेश्वरी दत्त चटौत प्रमुख जिल्ला अधिकारीको तालीममा खटिनुभएको हुँदा उहाँ उक्त तालीमबाट फर्की कार्यालयमा हाजिर नहुञ्जेलसम्मको लागि सो प्र.जि.अ.पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१)को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री लक्ष्मीराज शर्मालाई मिति २०४५।४।१५ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
कृष्णबहादुर प्रधान
उपसचिव

९६५



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।